**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 4, Volume 4, Issue 1, June 2023
Published by Sotang Public Campus

# प्रसाईका उपन्यासमा नारीअस्तित्व

**डा. अम्बिका अर्याल**

*Article History : Submitted 16 June 2022; Reviewed 13 July 2022; Accepted 25 Aug. 2022*
*Author : Dr. Ambika Aryal Email: ambiaryal@gmail.com*
*DOI:*

**लेखसार**

*बाँच्नु केवल हिँड्नु, चल्नु, सास फेर्नु, बोल्नु, खानु, मलमुत्र त्याग गर्नु मात्र होइन, आफू को हो र धर्तीमा रहेका अन्य प्राणीका तुलनामा आफ्नो स्थान र मूल्यप्रति सजग हुनु पनि हो । तर आधा आकाश ढाकेका नारीले एक्काइसौँ शताब्दीमा पनि दमन र थिचोमिचोलाई सहस्र स्विकार्दै जिएका छन् भने कतिपयले सहधर्मी पुरुषसमान जीवन जिउन पाउने अपेक्षामा असन्तुष्टि र आक्रोशको नारा पनि घन्काइरहेका छन् । नारी भएकै कारणले उत्पीडनमा परेर आफू मानव हुनुको अनुभूतिसमेत गर्न नपाइरहेको वर्तमान परिप्रेक्ष्यमा खुलेआम सडकमा उत्रनेको जमात त थपिँदै छ, यसका लागि दमित र अमुक नारीहरूलाई सचेत बनाउने र अन्यायका विरुद्ध बोल्न प्रेरित गर्ने सशक्त कारकका रूपमा साहित्यसिर्जनाको अतुलनीय भूमिका रहेको हुन्छ । यही भूमिकामा उभिएकी साहित्यकार इन्दिरा प्रसाईका उपन्यासमा तिनै अमुक नारीका अस्तित्व र पहिचानप्रतिको सचेत आवाज कसरी बुलन्द गरिएका छन् भन्ने सन्दर्भको पहिचानका लागि सिमोन द बुभाको अस्तित्ववादी नारीवादी चेतनालाई सैद्धान्तिक आधार मानी उनका हालसम्म प्रकाशित चारवटा उपन्यासमा प्रस्तुत नारीअस्तित्वसम्बन्धी चेतनाको निरूपण यसमा गरिएको छ । नारीका पहिचानप्रतिको चेतना र पितृसत्ताको विरोध एवम् लैङ्गिक विभेदप्रतिको विरोधका माध्यमबाट नारीअस्तित्वको खोजी गरिएका प्रसाईका उपन्यासले आफ्ना अधिकार र अस्तित्वका लडाइँमा सजग बनेर नारी आफैँ नउभिएसम्म कसैले उपहारका रूपमा नारीअस्तित्व र मूल्यको हिसाबकिताब नबुझाउने अभिप्रायलाई प्रस्तुत गरेको निष्कर्ष यस अध्ययनले निकालेको छ ।*

**शब्दकुञ्जिका :** अस्तित्व, पहिचान, पितृसत्ता, नारीवाद, लैङ्गिकता

## विषयप्रवेश

इन्दिरा प्रसाई साहित्यका विभिन्न विधामा कलम चलाउने नारीस्रष्टा हुन् । उनका हालसम्म *विश्वामित्र* (२०५५), *रनमाया* (२०५८), *शिखा* (२०५९), *उसको लोग्ने र बिरालो* (२०६०) गरी चारवटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । यी उपन्यासमा पितृसत्तात्मक समाजमा नारीमाथि हुने गरेका दमनात्मक व्यवहार तथा विभेदका विविध परिपाटीहरूमाथि प्रश्न उठाउँदै नारीप्रति गरिने लैङ्गिक विभेद, दुर्व्यवहार, शोषण, दमन, हिंसा, बलात्कार आदिको विरोध गरिनका साथै नारीका स्वतन्त्र निर्णय तथा अधिकार र पहिचानको मागसम्बन्धी भावलाई प्रस्तुत गरिएको छ । प्रसाईका उपन्यासको सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, शरणार्थी समस्यायुक्त एवम् यौनमनोविश्लेषणका परिप्रेक्ष्यबाट अध्ययन भएको पाइए पनि नारीअस्तित्वप्रतिको चेतनाका सन्दर्भबाट अध्ययन हुन बाँकी रहेको हुनाले यसमा सिमोन द बुभाको अस्तित्ववादी नारीवादी चेतनाका सापेक्षमा उनका उपन्यासको विश्लेषण गरिनु सान्दर्भिक देखिएको छ । तसर्थ उनका उपन्यासमा अभिव्यक्त नारीपहिचानप्रतिको चेतना, पितृसत्तात्मक दमनप्रतिको चेतना एवम् लैङ्गिक विभेदप्रतिको चेतनाका माध्यमबाट कसरी नारीअस्तित्वसम्बन्धी चेतना मुखरित हुन पुगेका छन् भन्न सन्दर्भको सूक्ष्म विश्लेषण यसमा गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यास नारीअस्तित्वका रक्षामा केन्द्रित देखिन्छन् । यी उपन्यासमा पितृसत्तात्मक समाजद्वारा शोषित नारीलाई उन्मुक्तितर्फ दिशानिर्देश गर्ने विभिन्न नारी पात्रको प्रयोग गरिएका प्रसाईका उपन्यासहरूमा नारीका विविध किसिमका पीडाको यथार्थ चित्रण गरिएको छ । यसका साथै ती उपन्यासहरूमा नारीअस्तित्वका लागि अनेक यातनाहरूसँग जुध्न सक्ने जुझारु नारीपात्रलाई केन्द्रीय भूमिका प्रदान गरिएको छ । यसर्थ प्रसाईका उपन्यासहरूलाई अस्तित्ववादी नारीवादी चेतनाका दृष्टिबाट अध्ययन गर्न सकिने भए तापनि ती उपन्यासहरूमा यस किसिमका चेतना के-कस्ता छन् भन्ने जिज्ञासा अद्यावधिक रही आएको तर कसैले पनि यस सम्बन्धमा अध्ययन नगरेको सन्दर्भमा उक्त जिज्ञासा नै यसको अध्ययनसमस्या बन्न पुगेको छ । प्रसाईका उपन्यासहरूमा प्रस्तुत नारीअस्तित्वसम्बन्धी चेतनाको निरूपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको प्रायोगिक कार्यका लागि आवश्यक सामग्रीको सङ्कलन पनि विश्लेष्य उपन्यासहरूको पठनबाट गरिएको छ । यस क्रममा प्रसाईका उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यसका साथै नारीअस्तित्वसम्बन्धी सिमोन द बुभाको नारीवादी मान्यता तथा प्रसाईका उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसर्थ पुस्तकालयीय कार्यबाट प्राथमिक तथा द्वितीयक दुवै किसिमका सामग्री लिएर यो अध्ययन सम्पन्न गरिएको छ ।

प्रस्तुत अध्ययन नारीअस्तित्वसम्बन्धी चेतनाका आधारमा प्रसाईका उपन्यासहरूको विश्लेषण गरिने भएकाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । यसका साथै यस अध्ययनमा प्रसाईका हालसम्म प्रकाशित सबै उपन्यासको विश्लेषण गरिने भएकाले सामग्री छनोटको समग्र विधिलाई अवलम्बन गरिएको छ ।

## नारीअस्तित्वसम्बन्धी सैद्धान्तिक अवधारणा

नारीअस्तित्वप्रतिको चेतना नारीवादी सिद्धान्तको मूल अवधारणा हो । पाश्चात्य मुलुकमा राजनीतिक एवम् सामाजिक क्रान्तिका रूपमा उठेको नारीवादी चेतनाको लहर विभिन्न धारहरूमा विस्तारित हुँदै जाने क्रममा अस्तित्ववादी नारीवादको विकास हुन पुग्यो । फ्रान्सेली चिन्तक सिमोन द बुभाको *द सेकेन्ड सेक्स* (सन् १९४९) शीर्षकको ग्रन्थबाट अस्तित्ववादी नारीवादी धारले मौलाउने अवसर पायो । नारीअस्तित्वप्रतिको चेतना सम्बन्धमा नारीवादका विविध धारहरूले कुनै न कुनै रूपमा आत्मसात् गरेको भए पनि अस्तित्ववादी नारीवादको भने मूल नारा नै बन्न पुग्यो । अस्तित्ववादी नारीवादले विविध क्षेत्रमा नारीको समानअधिकार र पहिचानको मुद्दालाई आत्मसात् गरेको छ ।

अस्तित्ववादी नारीवादी बुभाले उनको *सेकेन्ड सेक्स* पुस्तकमा सामाजिक रूपले एक पुरुष नितान्त स्वतन्त्र र पूर्ण व्यक्ति हुने, उसको अस्तित्व उसकै कार्यहरूद्वारा निर्धारित हुने तर नारी प्रजनन तथा गृहस्थीका परिसीमित भूमिकाका कारण पुरुषसँग समानताको स्तरमा पुग्न नसकेको दाबी गरेकी छन् (बुभा, पृ. १८८) । उनले नारी र पुरुषको असमान अस्तित्व र पहिचानका कारकको खोजी गरी नारीपहिचानका क्षेत्रमा नारीमा जागृत चेतनालाई प्रस्तुत गरेकी छन् । उनले समाजनिर्मित धारणा र विभेदको जालोभित्र जेलिएकी एक नारीले स्वतन्त्र अस्तित्व र पहिचान स्थापित गर्न निकै जटिल परिस्थितिको सामना गर्नुपर्ने विचार पनि राखेकी छन् । उनका विचारमा नारी कुनै पनि स्वतन्त्र अस्तित्वलाई स्थापित गर्नमा असमर्थ छे, जसले स्वयम् संसारमा जन्म लिएर आफ्नो अस्तित्वको औचित्य सिद्ध गर्नुपर्दछ (पृ. २३७) । नारीले आफ्नो पहिचान आफैँ बनाएर आफू जन्मनु र एक स्वतन्त्र मानवप्राणी हुनुको औचित्य आफैँले सिद्ध गर्नुपर्ने धारणा उनको रहेको छ ।

नारी भएकै कारणले नारीअस्तित्वमाथि आइपरेका बाधा, त्यसले नारीको पहिचानमाथि पारेको प्रभाव, मानवप्राणीबिचमा पनि फरक व्यवहार र दृष्टिकोणले सिर्जना गरेको विभेद र दमनका विरुद्धमा नारीको स्वतन्त्र पहिचानका लागि नारीमा जाग्नुपर्ने चेतनामा बुभाले जोड दिएकी छन् । उनले नारीको शरीरले उसलाई जगतमा स्थितिग्रस्त बनाउँछ तर केवल शरीर मात्र उसलाई परिभाषित गर्नका लागि पर्याप्त छैन भन्ने विचार प्रस्तुत गरेकी छन् । उनले जीवविज्ञानले महिलाका सम्बन्धमा उठाइएका प्रश्नहरूको सम्पूर्ण उत्तर दिन नसकेको भन्दै महिला 'अन्या' किन हो ? भन्ने प्रश्न उठाएकी छन् (पृ. १८) । बुभाले नारीलाई 'अन्या' मानेर विभेद गर्ने प्रवृत्तिको विरोध गरी उनीहरूलाई शरीरका आधारमा परिभाषित गरेर फरक व्यवहार गरिने परिपाटीमाथि प्रश्न गर्नुले नारीअस्तित्वबोधलाई द्योतन गरेको छ । नारीअस्तित्वलाई विशेष जोड दिइएका बुभाका मान्यताका आधारमा कृतिमा प्रस्तुत नारीअस्तित्वको पहिचान गर्न सकिने भएकाले यसै आधारमा यहाँ प्रसाईका उपन्यासको अध्ययन गरिएको छ ।

## प्रसाईका उपन्यासमा नारीअस्तित्वप्रतिको चेतनाको अध्ययन

लैङ्गिक आधारमा भिन्न भएकै कारणले पुरुषसमान अधिकार, सम्मान र भूमिकाबाट वञ्चित हुनुपरेको सन्दर्भको विरोध गरी हरेक तवरले नारीका पहिचान र मूल्यको खोजी गर्नु नै नारीअस्तित्वप्रतिको चेतना हो । यसअन्तर्गत नारीका अधिकारप्रतिको चेतना, पहिचानप्रतिको चेतना, वैयक्तिक स्वतन्त्रताप्रतिको चेतना, यौन, प्रजनन तथा गर्भपतनप्रतिको चेतना, प्रेम, वैवाहिक सम्बन्ध तथा सम्बन्धविच्छेदसम्बन्धी अधिकारप्रतिको चेतना आदिलाई समेट्न सकिन्छ । यी विविध पक्षमा पितृसत्तात्मक व्यवस्थाका कारणले नारीले भोग्नुपरेका विभेद र त्यसप्रतिको प्रतिरोधी चेतना मुखरित भएका उपन्यासलाई अस्तित्ववादी नारीवादी प्रवृत्तिका उपन्यास भन्न सकिने भएकाले तिनै मान्यताका आधारमा प्रसाईका उपन्यासमा प्रस्तुत नारीअस्तित्वप्रतिको चेतनाको विश्लेषण विभिन्न शीर्षकमा यसप्रकार गर्न सकिन्छ ।

### *नारीपहिचानप्रतिको चेतना*

नारीले धर्तीमा मानवप्राणीका रूपमा जन्म लिइसकेपछि आफ्नो स्वत्व र पहिचानको खोजी गरी पुरुषभन्दा तल्लो दर्जाका नागरिकका रूपमा आफूलाई हेरिने र व्यवहार गरिने सन्दर्भ पहिल्याउनु र त्यसप्रति चेतना जागृत हुनु नारीपहिचानप्रतिको चेतनाको उपज हो । इन्दिरा प्रसाईका उपन्यासमा यसप्रति सचेत पात्रको उपस्थिति पाइन्छ । उनको *विश्वामित्र* उपन्यासमा नारीपहिचानप्रति सचेत नारीपात्र मेनकाको केन्द्रीय भूमिका रहेको छ । यस उपन्यासमा मेनकाले सुमित्रासँगको वैवाहिक सम्बन्धबाट असन्तुष्ट भएको विश्वामित्रसँग प्रेम र बिहे गरेकी छ । उसले बिरामी सुमित्रालाई कर्तव्यनिर्वाहका लागि भेट्न गएको विश्वामित्रसँग गुनासो गरेकी छ । यति मात्र होइन विश्वामित्रकै गलत कदमका कारण सुमित्रा र मेनकाको जीवन दुर्घटनामा परेको स्थितिलाई पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस्तै जानीजानी नारीहरूमाथि खेल्ने विश्वामित्रप्रतिको विद्रोही भाव र आशङ्कालाई मेनकामार्फत प्रस्तुत गरिएको हुनाले नारीपहिचानप्रति सचेत पात्रका रूपमा उसलाई लिन सकिन्छ ।

विश्वामित्रले आफूलाई जतिसुकै प्रेम गर्ने भाव अभिव्यक्त गरे पनि मेनकाका मनमा नारीको पहिचान सङ्कटमा परेको बोध भएको छ । उसले आफ्नो इच्छानुकुल चल्न नसकेको विश्वामित्रका कारणबाट आफू पहिचानविहीन वा बेकम्मा बनेको महसुस गरेकी छ । उसले विश्वामित्रलाई एकलौटी श्रीमान्का रूपमा पाउन सके मात्र आफ्नो अस्तित्व पूर्ण भएको महसुस हुने मात्र होइन, जीवन सार्थक हुने भावलाई यसरी व्यक्त गरेकी छ :

मलाई खण्डित विश्वामित्र चाहिँदैन, म उसको एक अंश पनि बाँड्न सक्तिन, अरू केही पनि होइन, मैले सिङ्गो विश्वामित्रसँग प्रेम गरेकी थिएँ र सिङ्गो विश्वामित्रसँग मात्र प्रेम गरिरहन्छु । उसको बाँडिएको प्रेम मलाई रुचिकर छैन । (पृ. ९४)

यस कथनमा मेनकाले श्रीमानलाई अंशअंशमा बाँड्न नसक्ने बताएकी छ । आफूले सिङ्गो विश्वामित्रलाई प्रेम गरेको हुनाले बाँड्न नसक्ने तर्क उसको छ । प्रेमका नाममा नारीका इच्छा र चाहनामाथि नै खेलवाड गर्ने पुरुषप्रवृत्तिको समेत विरोध गर्दै मेनकाको नारीपहिचानप्रतिको चेतनालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

प्रसाईको *शिखा* उपन्यासमा नारीको पहिचानका सन्दर्भमा जागृत चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा नारीमाथि गरिने दमनात्मक व्यवहार तथा अस्तित्वमाथि पुऱ्याइएको असरका विरोधमा नारीमा जागृत वितृष्णा भाव मुखरित भएको छ । "...जैविक दृष्टिकोणले समानताको अंश स्पष्ट पाएको अवगत गर्न सकिने मनमस्तिष्क भएपछि आफ्नो स्वत्वको हनन हुँदा अत्यन्त ग्लानि, क्षोभ र कुनै बेला विद्रोहले समेत चटपटाउन खोज्दो रहेछ" (पृ. १६) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा नारीको अस्तित्वको हनन भएको थाहा हुँदाहुँदै मस्तिष्कमा पुगेको चोटलाई लुकाएर राख्न नसकिने भाव प्रस्तुत गरिएको छ । पुरुष र नारीमा जैविक रूपमा समान मस्तिष्क हुँदाहुँदै नारीले दमनमा पर्नुपरेको र विभेद खेप्नुपरेको व्यवहारिक पक्षको विरोधसम्बन्धी चेतना यसमा अभिव्यक्त भएको छ । यसरी नारीको पहिचानको सङ्कटप्रति क्षोभ, वितृष्णा र विद्रोह गर्न चाहने पात्रको प्रयोग गरी नारीको स्वतन्त्र पहिचान र अस्तित्वप्रतिको सचेतनालाई यसमा प्रस्तुत गरिएको छ ।

प्रसाईको प्रस्तुत उपन्यासमा नारीहरू सन्तान उत्पादनका साधन मात्र नभएर फरक पहिचान र अस्तित्व भएकी मानवप्राणी हो भन्ने बोध पात्रले गरेका छन् । "उनको घरगृहस्थीको चौकीदार र उनको शारीरिक आवश्यकताको पूर्ति गर्ने संयुक्त मेसिनसिवाय म केही भइनँ" (पृ. १७) भन्ने म पात्रको कथनले नारीपहिचानको चेतनालाई प्रस्ट पारेको छ । नारीलाई शारीरिक आवश्यकता पूर्ति गर्ने तथा सन्तान उत्पादनको साधनका रूपमा उपभोग गर्ने पुरुषप्रवृत्तिको विरोध गरी नारीको स्वतन्त्र पहिचानका साथसाथै पृथक् अस्तित्व रहेको चेतना यसमा पाइन्छ ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा नारीका पहिचानप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासको भूमिकामै उपन्यासकारले दिएको अभिव्यक्ति यस्तो छ :

> नारीपुरुष एकअर्काका आवश्यकता हुन्, यी दुवैको समागमले नै मानवको अस्तित्व अक्षुण्ण रहन सक्छ । ... दुवैले एकाअर्काको सम्मान गर्न सक्नुपर्छ । ... दुवैले एकअर्काको कदर गर्नुपर्छ । ...म सहअस्तित्व र समानताप्रति आस्थावान् छु । (पृ.१३, भूमिका)

उपन्यासकारको यस कथनमा नारी र पुरुषको समान सहभागिता र समान अस्तित्वलाई जोड दिइएको छ । एकले अर्काको अस्तित्व र पहिचान मेटाउने नक्कली चाल चाल्न नहुने चेतावनीका साथ दुवैले दुवैको कदर गर्नुपर्ने भावलाई यसमा प्रस्तुत गरिएको छ । यही भावबाट अभिप्रेरित भएर *उसको लोग्ने र बिरालो* उपन्यास लेखिएको उनको कथन छ । यसर्थ नारी र पुरुषको सहअस्तित्व, समानता र समान पहिचानको ध्येयले लेखिएको यस उपन्यासमा नारीपहिचानप्रतिको सचेतना मुखरित हुन पुगेको छ ।

प्रसाईको प्रस्तुत उपन्यासमा नारीका पहिचानप्रतिको चेतनालाई नीलाकी छोरी स्मृतिका तर्कमार्फत पनि प्रस्तुत गरिएको छ । ऊ भन्छे :

> माम्मा ! तिमीले मलाई नचिनाएको भए ऊ मेरो बाबु हो भन्ने कुरो पनि मलाई थाहा हुने थिएन । मेरो बाबु त जो पनि हुन सक्थ्यो तर मेरी आमा तिमी मात्रै हुन सक्छ्यौ । मैले

> त बिर्सी पनि सकेँ, कोही मेरो बाबु थियो । टेस्टट्युब बेबीको रूपमा आफूलाई सम्झे भइहाल्छ नि ! (पृ. ३५)

जसरी नारीको पहिचानलाई पुरुषको पहिचानका अगिल्तिर छायामा पारिन्छ त्यसरी नै आमाले नचिनाउने हो भने पिताको पहिचान पनि सङ्कटमा पर्ने तथ्यलाई यस कथनले प्रस्ट पारेको छ । स्मृतिले आफ्नो बाबु यही हो भनेर आफैँ चिन्न कहिल्यै नसक्ने तर आमाले नै चिनाइदिएको सन्दर्भलाई यहाँ प्रस्तुत गरेकी छ । आमालाई भने कसैले चिनाइरहन नपर्ने तथ्यलाई प्रस्तुत गर्दै उसले आमाका रूपमा नारीको पहिचान घामझैँ छर्लङ्ग रहेको तर पिताको पहिचान आमामार्फत मात्र खुल्ने कुरा बताएकी छ । यसले नारीपहिचानको बोध र त्यसप्रतिको चेतनालाई द्योतन गर्दछ ।

यसरी प्रसाईका उपन्यासमा प्रेमका नाममा पुरुषले नारीमाथि गर्ने दमन, पुरुषले गर्ने बहुविवाहका कारण नारीले भोग्नुपरेका उत्पीडनका साथै नारी केवल सन्तान उत्पादन तथा मनोरञ्जनका उपभोग्य वस्तु मात्र ठानिने प्रवृत्ति विरुद्धमा जागृत चेतनालाई स्थान दिइएको छ । यस्तै उनका उपन्यासमा लैङ्गिक विभेदको खाडलबाट उन्मुक्तिका लागि नारीमा जागृत चेतना, नारीपहिचानप्रतिको सजगताका साथै नारी र पुरुष दुवैले दुवैको समान सम्मान गर्नुपर्ने तर्कका माध्यमबाट नारीपहिचानप्रतिको चेतनालाई अभिव्यक्त गरिएको छ ।

### *पितृसत्ताप्रतिको विरोध र नारीअस्तित्वप्रतिको चेतना*

पुरुषलाई प्राधान्य ठान्ने र महिलालाई हेय दृष्टिले हेर्न पितृसत्तात्मक समाजमा नारीहरू दमित, अपहेलित एवम् शोषित बन्न पुगेका छन् । नारीमाथि यौनशोषण, घरेलु हिंसा, घरभित्रै सीमित राख्ने परिपाटी, राजनैतिक, कानुनी तथा सामाजिक क्षेत्रमा सहभागिताको अवसरबाट वञ्चित गर्ने पितृसत्तात्मक व्यवस्थाका विरुद्ध नारीमा जागृत चेतनाले नारीअस्तित्वकै खोजी गरेको छ । इन्दिरा प्रसाईका उपन्यासमा पितृसत्ताले नारीमाथि गरेका विविध शोषण तथा विभेदका विरुद्ध सचेत नारीको उपस्थिति पाइन्छ ।

इन्दिरा प्रसाईको *विश्वामित्र* उपन्यासमा पितृसत्ताकै प्रभावस्वरूप बहुविवाह गरी रमाइरहने पुरुषका सापेक्षमा नारीको विचलित अवस्था र प्रेमप्रतिको उदासीनतालाई मेनकामार्फत प्रस्तुत गरिएको छ । मेनकाले आफू कान्छी श्रीमती भएको जान्दाजान्दै पनि पहिलेकी स्वास्नीसँग अलग्गिएर नयाँ घरबार जमाउन खोज्ने पुरुषसँग स्वाभाविक र प्रेमपूर्ण जीवन बिताउने अपेक्षा राखेकी छ । तर विश्वामित्रले सो भावलाई गहन रूपमा नलिई सुमित्रातिर नै फर्किएको मानसिक रापबाट जलेकी मेनका मानसिक रूपमा विचलित बनेर दुर्घटनाको सिकार बनेकी छ । "अचानक एक दिन एउटा खबर फैलियो, मेनकाले आत्मदाह गरी" (पृ. ४) भन्ने समाख्याताको कथनले नारीहरू पितृसत्ताबाट कतिसम्म उत्पीडित हुन्छन् भन्ने तथ्यलाई प्रस्ट पार्छ । नारीले सहनसकुञ्जेल सहेको तर दमन र मानसिक उत्पीडनको उग्रतामा ज्यानै त्यागेको यो घटनाले बहुविवाहका कारण नारीलाई जति पुरुषलाई नकारात्मक प्रभाव नपर्ने र त्यसलाई हल्का ढङ्गले लिने पितृसत्तात्मक प्रवृत्तिलाई पनि द्योतन गर्दछ ।

पतिलाई पूर्ण रूपमा आफ्नो तुल्याउन नसक्नु र जीवनलाई सहज रूपमा भोग गर्न नसक्नु जस्ता समस्या मेनकामा देखिन्छन् । प्रेममा भावनात्मक रूपमा एकोहोरिएका वा बाँधिएका नारीमाथि केवल

वासनाको पूर्तिका लागि मात्र सम्बन्ध जोडेजस्तो देखिने पुरुषको चरित्र पितृसत्ताकै उपज हो । मेनकाको सुन्दर देहलाई आगोले खाइसक्नु र अचेतावस्थामा पुग्नुको प्रमुख कारण नै पितृसत्तात्मक समाजमा पुरुषको हालीमुहाली तथा लापरबाहीपूर्ण सम्बन्ध नै हो । "उसले आत्महत्या गर्नुको पछाडि पनि कोही दोषी छ, जसले उसलाई आत्महत्याका लागि विवश तुल्यायो । त्यहाँ कुनै ठूलो कारण हुनुपर्छ" (पृ. ५) भन्ने समाख्याताको कथनले सोही कुरालाई सङ्केत गरेको अनुमान गर्न सकिन्छ । मेनका आत्महत्याको स्थितिमा पुग्नुका पछाडि अन्य कारणभन्दा पनि स्वच्छ प्रेमसम्बन्ध र विश्वासमाथि पाएको धोका रहेको तथ्यलाई उपन्यासका यस सन्दर्भहरू पुष्टि गरेको छ ।

यस उपन्यासमा नारीले पुरुषको चाहअनुरूप सधैँ सिङ्गारिएर बस्नुपर्ने र यौनेच्छापूर्तिका लागि सदा तत्पर रहनुपर्ने कुराको विरोध गरिएको छ । आफ्नो सीपको सदुपयोग गरी व्यस्त रहेकी र आत्मनिर्भर बन्ने कोसिस गरेकी सुमित्राले उसको चाहलाई बुझ्न नसकेको आरोप विश्वामित्रले लगाएको छ । तर यस किसिमको आरोप र नारीलाई मुठीमा लिई सौन्दर्यपान गर्न खोज्ने प्रवृत्ति पितृसत्तात्मक व्यवस्थाकै द्योतक हो ।

यस उपन्यासमा विश्वामित्रले सुमित्रासँग मागेको माफीले पितृसत्तात्मक सोचको विरोध र नारीहितको अपेक्षालाई सङ्केत गरेको छ । "तिम्रो के दोष छ र सुमु ! मलाई माफ गर, म तिम्रो अपराधी हुँ, आद्र भएर विश्वामित्र बोलेको थियो" (पृ. ५२) भन्ने समाख्याताको कथनमा विश्वामित्रको पश्चात्ताप र अपराधबोधलाई प्रस्तुत गरिएको छ । यसले क्षणिक आवेशमा आएर आफ्नो स्वार्थपूर्तिका लागि श्रीमतीलाई त्याग्ने पुरुषमा जागेको आत्मग्लानीका माध्यमबाट पितृसत्तात्मक सोचको विरोध र नारीप्रतिको सम्मानभावलाई प्रस्ट पारेको छ ।

प्रसाईको *रनमाया* उपन्यासमा पितृसत्तात्मक समाजमा नारीलाई हेय दृष्टिले हेर्ने, लैङ्गिक विभेद गर्ने, घरको चौघेरामा सीमित पार्ने आदि प्रवृत्तिका मात्र नभएर त्यसका विरुद्ध समान सम्मान, माया तथा भूमिका दिने पुरुषको पनि उपस्थिति देखिन्छ । यस उपन्यासमा "रनमायाकी आमा भन्छिन् : तिमेरका बाउले मलाई समेत कहिल्यै दु:ख गर्न दिएनन् । भातभान्से पनि राखिदिने गरेको तिमीहरूलाई थाहै छ" (पृ. २३) । यस कथनले तत्कालीन पितृसत्तात्मक व्यवस्थाको चरम दमन रहेको समयमा समेत रनमायाको बाबुले रनमायाकी आमालाई गर्ने गरेको प्रेम, सहयोग र सम्मानलाई प्रस्ट पारेको छ । पितृसत्ताकै प्रभावका कारण नारीमाथि दमन गर्ने परिपाटी हरेक पुरुषमा नहुने तथ्यलाई यसले द्योतन गर्दछ । यो यस उपन्यासमा प्रस्तुत गरिएको नारीप्रतिको सकारात्मक व्यवहार र दृष्टिकोणको उदाहरण मात्र नभएर अस्तित्ववादी नारीवादले भनेझैँ नारीको सम्मान र अस्तित्वको खोजीप्रतिको सङ्केत पनि हो ।

रनमायाका पति गोपालसिंह भने आफ्नी श्रीमतीलाई साँच्चै प्रेम गर्छन् । उनी नभएको क्षण रनमाया कल्पना पनि गर्न सक्दिनन् । उनका पति पनि रनमायाविनाको जीवन अर्थहीन मान्दछन् । यस उपन्यासमा समाख्याताको "गोपालसिंह हत्तपत्त कसैको चित्त दुखाउँदैनथे, त्यसमा पनि आफ्नी प्राणप्रिया पत्नी रनमायाले अलिकति अँध्यारो मुख मात्रै पारिन् भने पनि बूढालाई संसारै अँध्यारो लाग्थ्यो" (पृ. ३२) भन्ने कथनले सोही भावलाई स्पष्ट पारेको छ । यस उपन्यासमा प्रस्तुत गरिएको रनमाया र गोपालसिंहबिचको

सम्बन्धमा देखिएजस्तो पति र पत्नीमा सुमधुर सम्बन्ध, एकअर्काको अस्तित्व र पहिचानको समान बोधसम्बन्धी अपेक्षा अस्तित्ववादी नारीवादको मूल ध्येय हो ।

इन्दिरा प्रसाईको *शिखा* उपन्यासमा पितृसत्तात्मक संस्कारले निर्माण गरेको प्रचलनका कारण नारीहरूले भोग्नुपरेको दमनप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा परिवारमा घरबाहिर गएर कमाउने जिम्मा पुरुषमा भएको र नारीले घरभित्रै खुम्चिएर पुरुषको कमाइमा रमाउनु परेको पितृसत्तात्मक प्रचलनलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> उनले मलाई दिएको मूल्य हो प्रत्येक महिना उनले कमाएको मोटो रकम मेरो हातमा हाल्दिनु, चाडपर्वमा लुगाफाटा किनिदिनु, सेफमा भएका गहना र रूपैयाँपैसाको पहरेदारी गराउनु । यस मूल्यलाई मैले आफ्नो अस्तित्वको पराजय ठानी लत्याउँदै आएकी छु । (पृ. १७)

समाख्याताको उपर्युक्त कथनमा श्रीमान्ले कमाएर ल्याएको सम्पत्तिले नारीमा सुख थपिनुभन्दा अस्तित्वको पराजयको महसुस गरेको नारीचेतनालाई प्रस्तुत गरिएको छ । यसले पुरुषले कमाएर नारीलाई पाल्ने पितृसत्तानिर्मित प्रचलनको विरोध गर्दै त्यसले नारीलाई पहरेदारका रूपमा मात्र नभएर अधीनस्थ बनाएको सन्दर्भको समेत विरोध गरेको छ ।

विवाहपछि नारीका पहिरन र शृङ्गारका सम्बन्धमा पितृसत्ताले बनाएको नियमले नारीमाथि पुऱ्याएको असर र ती नियमले सिर्जना गरेको बाध्यकारी अवस्थाको विरोध यस उपन्यासमा गरिएको छ । "...मलाई रातो लुगा र गहनाको गन्धले समेत बान्ता हुन खोज्छ । सुरुसुरुमा उनी निकै जोरजबर्जस्ती गर्न खोज्थे तर मैले नकारेरै जितेँ" (पृ. १७) भन्ने समाख्याताको कथनले विवाहबन्धनमा बाँधिएपछि नारीलाई रातो रङको पहिरन र शृङ्गारमा सजिनुपर्ने पितृसत्ताको नियमप्रतिको विद्रोहलाई प्रस्तुत गरेको छ । विवाह भएको पहिचान खुलाउन पुरुषले भने पहिरनमा केही परिवर्तन गर्न नपर्ने तर नारीका लागि थोपरिएका बन्धनयुक्त प्रचलनले आजित बनेकी म पात्रको विद्रोही चेतनालाई प्रस्ट पारेको छ ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने विभेदप्रति विद्रोहात्मक स्वर प्रस्तुत गरिएको छ । यस उपन्यासमा वैवाहिक जीवनबाट असन्तुष्ट भएर भनौँ वा लोग्नेको परस्त्रीसँग लाग्ने प्रवृत्तिलाई सहन नसकेर भनौँ नीलाले श्रीमान्सँग सम्बन्धविच्छेद गरी मनमिल्ने पुरुषसँग नाता जोडेकी छ । यस क्रममा उसले आभासलाई आफ्नो प्रेमीका रूपमा चयन गरेर ऊसँगै यौनचाहना पनि पुरा गरेकी छ । यसले नारीप्रति बनाइएको पितृसत्तात्मक सोचको विरोध गरी नारीस्वतन्त्रता तथा समानताको स्थितिलाई द्योतन गरेको छ ।

नीलाले आफ्नो श्रीमान्का लागि सहेको बिरालाको सिकसिकोको कुनै मूल्य नभएको बोध यस उपन्यासमा गरेकी छ । यसमा नीलाले आभासले आफूलाई बिरालाका कारणले परेको असरका बारे सोधिदिए हुन्थ्यो, दयाभाव राखिदिए हुन्थ्यो वा सहानुभूति जनाइदिए हुन्थ्यो भन्ने अपेक्षा पूरा नभएको बरु उल्टै आफूलाई बेवास्ता गरेर बिरालोलाई नै सुमसुम्याइरहको र फर्केर एकनजर पनि नहेरेको सन्दर्भमार्फत

पुरुषको नारीप्रति भन्दा मानवेतर प्राणीप्रतिको ध्यान र प्रेम बढी भएको तथ्यलाई प्रस्ट पारिएको छ । यसले पितृसत्तात्मक समाजमा पुरुषका लागि नारीको कुनै मूल्य नहुने अनुभूति हरेक नारीले गर्ने गरेको सन्दर्भलाई मात्र द्योतन गरेको छैन कि पितृसत्ताले नारीको मूल्यमाथि गर्ने उपहासप्रतिको सचेतनालाई पनि प्रस्ट पारेको छ ।

यौनचाहनाका विषयमा खुलेर कुरा गर्नु नारीको छाडापन र वेश्यावृत्तिको उपमा गुथाउने पितृसत्तात्मक समाजमा नारीहरू यस विषयमा मौन रहने परिपाटीको विकास भएको छ । यस उपन्यासमा यसैको दृष्टान्तका रूपमा नीलाको अवस्थालाई समाख्यातामार्फत "अप्राप्तिजन्य पीडाको मर्मले छटपटिएकी नीलाले आभासलाई नजाऊ भनेर रोक्न पनि सकिन र ऊ गएको सत्यलाई हार्दिकतापूर्वक स्वीकार गर्न पनि सकिन । आफ्नै शरीरको जलन र मनको आगाको रापमा नीला छटपटिइरही मात्रै" (पृ. ९६) भन्ने कथनमार्फत देखाइएको छ । नीलाको अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरिएको समाख्याताको यस कथनमा नारीको यौनप्यासलाई ध्यान नदिने पुरुषका कारण नारीले भोग्नुपरेको बेचैनी र जलनलाई प्रस्ट पारिएको छ । यस उपन्यासमा चाहे पहिलो श्रीमान्सँगको होस् वा दोस्रोसँग नै किन नहोस्, पुरुषसँगको गुनासाले धैर्यको बाँध भत्काएपछि नीलाजस्ता सहनशील नारी पनि पितृसत्तात्मक दमनका विरुद्धमा कसरी विद्रोहात्मक रूपमा उपस्थित हुन्छन् भन्ने सन्दर्भलाई पनि देखाइएको छ ।

प्रसाईका उपन्यासमा पितृसत्ताका कारणले आत्महत्याको स्थितिमा पुगेका नारीदेखि पुरुषकै खुसीका लागि आफ्नो रहरलाई तिलाञ्जली दिएर हैरान भएका नारीको उपस्थितिमार्फत पितृसत्ताको विरोधप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा नारीलाई खेलौनाका वस्तु ठान्ने र चौघेरामा रहेर सिङ्गारिँदै लोग्नेको वासनापूर्तिका लागि तयारी अवस्थामा रहनुपर्ने पितृसत्तात्मक सोचको समेत विरोध गरिएको छ । आर्थिक हैसियत उच्च भएका कारणले पुरुषले नारीको शोषण गर्ने गरेको, नारीको मनोकाङ्क्षालाई सम्मान नगर्ने तथा बहुविवाहमा रमेर नारीका भावनामाथि खेल्ने पितृसत्तात्मक स्वभावका पुरुषप्रति सचेत रूपमा विद्रोह गर्ने नारीपात्रको उपस्थिति प्रसाईका उपन्यासमा पाइन्छ । उनका उपन्यासमा कतिपय पुरुषहरू नै पनि नारीहितकै लागि पितृसत्तात्मक सोचलाई त्यागेर सकारात्मक भूमिकामा उभिएका छन् । यसरी पितृसत्ताले नारीमाथि गरेको विभेद, शोषण तथा दमनका विरुद्धमा जागृत चेतनालाई विविध पात्र तथा उपन्यासको कथ्यका माध्यमबाट प्रसाईका उपन्यासमा प्रस्तुत गरिएको छ ।

### *लैङ्गिक विभेदको विरोध र नारीअस्तित्वप्रतिको चेतना*

लिङ्गका आधारमा नारीमाथि गरिने विभेद एवम् विभेदको अन्त्य गरी समानताको खोजीप्रतिको प्रतिरोधी चेतनालाई लैङ्गिक विभेदको प्रतिरोधप्रतिको चेतनाका रूपमा लिइन्छ । प्रसाईका उपन्यासमा नारीहरूलाई शिक्षाको समान अवसरबाट वञ्चित गर्ने, पैतृक सम्पत्तिमा समान हक नदिने तथा सामाजिक संस्कार र धर्मका नाममा पुरुषभन्दा तल्लो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने विभेदकारी प्रवृत्तिको विरोध गरी नारीअस्तित्वको खोजी गरिएको छ ।

इन्दिरा प्रसाईको *विश्वामित्र* उपन्यासमा पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदपूर्ण द्विचरविरोधी धारणाको विरोधका माध्यमबाट लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना प्रस्तुत भएको छ । पितृसत्ताले पुरुषलाई शक्तिशाली, निर्णायक र मस्तिष्कवान व्यक्तिका रूपमा व्याख्या गर्ने गरेको छ तर नारीलाई कमजोर, अनिर्णयी एवम् भावुक (हृदय प्रबल भएकी) मानेको छ । यस उपन्यासमा भने हृदयले चल्ने कमजोर एवम् भावुक पात्रका रूपमा पुरुष पात्र विश्वामित्रको उपस्थिति भएको छ । उसकी श्रीमती सुमित्रासँगको निरस जीवनका कारण अर्की नारीको खोजीमा भौँतारिएको विश्वामित्र कठोर, मस्तिष्कवान एवम् साहसी देखिनुभन्दा नारीविना बाँच्नै नसक्ने, भावुक, कमजोर एवम् हृदयद्वारा सञ्चालित देखिनु पितृसत्ताले निर्माण गरेको द्विचरविरोधी भिन्न लैङ्गिक भूमिकाका विपरीत हुनु हो । यसले नारीभन्दा पुरुष कठोर एवम् बुद्धिमानी हुन्छन् भन्ने मान्यताको खण्डन गरी पुरुषप्रतिको परम्परा निर्मित भूमिकाप्रति नै प्रश्नचिह्न खडा गरेको छ । यतिमात्र होइन, विश्वामित्रले "म तिमीसँग विवाह गर्न पाइनँ भने मर्छु जस्तो लाग्छ मेनका" (पृ. १) भन्नुले पनि सोही तथ्यलाई थप पुष्टि गरेको छ ।

नारीलाई शिक्षा दिनु बालुवामा पानी खन्याउनु हो भन्ने पितृसत्तानिर्मित लैङ्गिक विभेदपूर्ण कथनका विरुद्ध पढेलेखेकी नारीको उपस्थितिले यस उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । यस उपन्यासकी नारीपात्र ओजस्वी उन्नाईस बर्षकी छे, ऊ पद्मकन्या कलेजमा स्नातक पहिलो वर्षमा पढ्दैछ (पृ. ९) । यसले अवसर पाएका खण्डमा नारीहरू पनि पुरुषसरह बुद्धिवान्, चेतनशील वा क्षमतावान् छन् भन्ने कुरालाई द्योतन गरेको छ ।

प्रसाईको *रनमाया* उपन्यासमा लिङ्गका आधारमा नारी र पुरुषबिच गरिने विभेदभन्दा समानताको स्थिति देखिन्छ । परिवारमा श्रीमान्ले श्रीमतीलाई दमन गर्ने, अपहेलना गर्ने पितृसत्तात्मक परिपाटीका विरुद्ध पारिवारिक मेल, सद्भाव र सम्मानको अवस्थालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । "रनुँ ! तँविना एकै पल पनि बस्न सक्तिनँ म' गोपालसिंहले भनेका कुरा सम्भिन्छिन् रनमाया" (पृ. ५१) भन्ने समाख्याताको कथनले सोही तथ्यलाई प्रस्तुत गरेको छ । यतिमात्र होइन नारी र पुरुषबिचमा खडा गरिएको द्विचरहरूको विरोध गरी लैङ्गिक समानताको स्थितिलाई यस उपन्यासमा प्रस्तुत "बुहारी नरोऊ । दिनदशा लाग्दा यस्तै हुन्छ । तिमीले हिम्मत हार्नु हुँदैन । रनमायाले सुनकेस्रीलाई भनी" (पृ. १००) भन्ने कथनले प्रस्ट पारेको छ । यसमा अप्ठ्यारोमा पर्दा सङ्घर्षबाट पछि नहट्ने नारीको हिम्मतलाई रनमायामार्फत प्रस्तुत गरिएको छ । नारीले रोएर, कमजोर भएर, पछि हटेर र सङ्घर्षसँग भागेर होइन हिम्मतका साथ अघि बढ्नुपर्ने भाव अस्तित्ववादी नारीवादको मन्त्र हो ।

यस उपन्यासमा नारीसङ्घर्ष, हिम्मत र स्वतन्त्रनिर्णयलाई स्थान दिइएको छ । यसमा आफू विचलित नभई अरू नारीलाई समेत मार्गनिर्देश गर्ने महिलाको महत्त्वपूर्ण भूमिका देखिन्छ । "ए बजै ! शोक गरेर पनि के गर्नुहुन्छ र मेरा चार भाइ छोरा, चारओटी बुहारी, तीन छोरी, तीन ज्वाइँ, बाह्रजना नातिनातिना कसैको खुट्पत्तो छैन" (पृ. १०२) भन्ने दाहाल्नी बजैको कथनले सोही कुराको पुष्टि गरेको छ । आफूमाथि परेको समस्यालाई सहेरै अर्की नारीलाई हिम्मत बढाउन खोज्ने दाहाल्नी बजै नारीसङ्घर्ष र हिम्मतकी

प्रतिमूर्ति हुन् । यसरी भोटमा भएको चरम दमन र ज्यादतिका कारण निर्वासिन बाध्य नेपाली नागरिकका पीडा, सङ्घर्ष र हिम्मतलाई नारीपात्रको केन्द्रीयतामा यसमा प्रस्तुत गरिएको छ । यस्तै यस उपन्यासमा नारीको दयनीय, कमजोर एवम् रुन्चे अवस्थाभन्दा हिम्मतिलो, सङ्घर्षशील र साहसिक निर्णय तथा यात्राका माध्यमबाट लैङ्गिक समानताको विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ ।

प्रसाईको *शिखा* उपन्यासमा नारीहरूलाई मान्छेको दर्जामा समेत नराखी पुरुषले गर्ने दमनात्मक व्यवहारप्रतिको विरोध प्रस्तुत गरिएको छ । "उनी स्वास्नीमान्छेलाई मान्छेको दर्जामै राख्दैनन् । नारीभित्र पनि रहर, इच्छा, आवश्यकता र आकाङ्क्षा समेत हुन सक्छ भन्ने उनले सोच्न सक्नुपर्ने हो" (पृ. १७) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा नारीका इच्छा तथा भावनाका विपरीत अमानवीय व्यवहार गरेर आफूलाई सर्वेसर्वा ठान्ने पुरुषप्रवृत्तिको विरोध गरिएको हुनाले लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । यस उपन्यासमा "म पनि घण्टौँ कुनै विषय लिएर उनीसँग वादविवाद गर्न सक्थेँ" (पृ. २७) भन्ने समाख्याताको कथनले रविजस्तो पढेलेखेका पुरुषसँग साक्षात्कार गर्न सक्ने नारीको प्रतिभालाई प्रस्तुत गरेको छ । यसले नारी भएकै कारणले दमन र विभेदको सिकार बन्नु परे पनि बौद्धिक लडाइँमा नारीहरू कमजोर नभएको तर्क प्रस्तुत गरेको हुनाले यस उपन्यासमा लैङ्गिक समानतासम्बन्धी चेतना पाइन्छ ।

प्रसाईको प्रस्तुत उपन्यासमा समान गल्तीमा लैङ्गिक आधारमा गरिने असमान विभेदलाई प्रस्तुत गरिएको छ । "केटो पेट बोकाएर बेपत्ता भएछ । बिनाबाउको छोरा पाएर ऊ समाजबाट तिरस्कृत भएकी थिई" (पृ. ७३) भन्ने समाख्याताको कथनमा नारीमाथि समाजद्वारा गरिएको विभेद स्पष्ट भएको छ । रञ्जुलाई पेट बोकाउने पुरुषले सजायँ भोग्नु नपरेको तर समाजमा रञ्जु भने तिरस्कृत हुनुपरेको सन्दर्भले लैङ्गिक विभेदलाई प्रस्ट पारेको छ । यसरी समाजमा नारीका हितमा भन्दा पनि पुरुषका हितमा मात्र सोचिने तथा समान अवस्थामा पनि नारी र पुरुषले समान हैसियत एवम् स्वतन्त्रता नपाउने सन्दर्भलाई प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा उमेर पुगेकी नारीले विवाहका लागि स्वतन्त्र निर्णय गर्न सक्ने आशयका माध्यमबाट लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा छोरी हुर्कँदै गएपछि विवाहको चिन्ता गर्ने आमाले परम्परागत पितृसत्तात्मक सोचलाई प्रश्रय दिएको छ भने छोरीले दिएको जवाफले लैङ्गिक समानताको वकालत गरेको छ । ऊ भन्छे : "मम्मी ! मान्छेहरू बिहा नगरी किन बस्न सक्तैनन् ? बिहे गरेपछि पनि सुखी त हुँदैनन् । फेरि किन ? अब त होमो आइसक्यो । म त लोग्नेमानिससँग बिहे गर्दै गर्दिनँ" (पृ. ३४) । स्मृतिको यस कथनले एकातिर उमेर पुगेपछि नारीले पुरुषसँगै विवाह गर्नु जरुरी रहेको सोचको विरोध गरेको छ भने अर्कातिर नारीहरू पनि आफ्नो जीवनसाथीको चयनमा स्वतन्त्र रहेकाले पुरुष र नारीबिचको विभेदको कुनै तुक नरहेको सन्दर्भलाई पुष्टि गरेको छ । यसले पितृसत्ताले निर्माण गरेको अरूको आश्रयमा मात्र नारीहरू बाँच्न सक्छन् र बेलैमा जोडी बाँधिदिएर अभिभावक जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ भन्ने मान्यताको विरोध गर्दै विषमलिङ्गी होस् वा समलिङ्गी, आफूले चाहेको मान्छेसँग विवाह गर्नमा नारीहरू पुरुषसमान स्वतन्त्र छन् भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । यसर्थ यसमा लैङ्गिक विभेदको अन्त्य र समानताको मागप्रतिको चेतना अभिव्यक्त भएको छ ।

यस उपन्यासमा नारी भएकै कारणले दबिएर बस्ने परिपाटीको अन्त्य गर्दै मम्मी तथा छोरी दुवै पात्रले आफ्नो जीवनको निर्णय आफैँले लिएका छन् । एक पुरुषसँग असन्तुष्ट भएपछि अर्को पुरुषसँगको प्रेम र विवाहमा मम्मीकै स्वतन्त्र चयन छ भने दोस्रो पुरुषबाट पनि आफ्नो अस्तित्वको दमन भएको महसुसपश्चात् एक्लै बस्ने निर्णयमा ऊ पुगेकी छ । छोरी स्मृतिले पनि आमाले प्रेमका बारेमा प्रश्न गर्दा "प्रेमस्रेम वाहियात, म त्यस्तो गर्दिनँ के ! आफ्नो क्यारियर बनाउनुपर्छ क्यारियर" (पृ. ३६) भन्ने जवाफ दिएकी छ । उसको यस कथनले नारीले कहिले र कुन व्यक्तिसँग प्रेम तथा विवाह गर्ने भन्ने सम्बन्धमा आफैँ निर्णय लिन सक्ने र करियरका लागि पुरुषले झैँ नारीले पनि प्राथमिकताका साथ अगाडि बढ्न सक्ने सन्दर्भलाई द्योतन गरेको छ । यसले लिङ्गका आधारमा कार्यको विभाजन गर्ने, विवाहको उमेर तोक्ने, व्यक्तिगत निर्णयमा अभिभावकले हस्तक्षेप गर्ने, पुरुषविना नारीको जीवन अपुरो रहेको ठान्ने आदि प्रवत्तिको विरोध गरेको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना पाउन सकिन्छ ।

## निष्कर्ष

प्रसाईका उपन्यासमा जैविक हिसाबले नारी भएकै कारणले पुरुषसमान अधिकार र अवसरबाट वञ्चित हुन पुगेका, पितृसत्ताको सिकार भएका र मानवीय अस्तित्व बोकेका प्राणीका रूपमा गर्व गर्न नसकेका नारीहरूको दयनीय अवस्थाप्रति सचेत एवम् सङ्घर्षशील पात्रलाई उपस्थित गराइएको छ । यी उपन्यासमा तिनका विचार, क्रियाकलाप एवम् संवेदनामार्फत नारीपहिचानप्रतिको चेतना प्रस्तुत गरिनुका साथै पितृसत्तात्मक विभेद एवम् लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई समेत उजागर गरिएको छ । उनका उपन्यासमा नारीपहिचानप्रतिको चेतनाका साथै छोरीलाई भन्दा छोरालाई महत्त्व दिइने प्रवृत्ति, छोरीलाई बोझ सम्झेर बालविवाह गरी पन्छाउने प्रवृत्ति, विधवा पुरुष तथा नारीमाथि गरिने विभेद, महिनावरीका सम्बन्धमा बसेको गलत धारणाले नारीको शैक्षिक अवसरमा हालेको तगारो, बालिकामा सामाजिक एवम् धार्मिक संस्कृतिले पारेको प्रभाव तथा आत्मनिर्भर बन्न खोजेकी नारीमाथि पुरुषले गर्ने दमनात्मक व्यवहारका माध्यमबाट नारीमाथि गरिने पितृसत्तात्मक एवम् लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई समेत प्रस्तुत गरिएको हो । पितृसत्ताले निर्माण गरेको द्विचरविरोधी मतको समेत विरोध गरिएका प्रसाईका उपन्यासमा नारीविना पुरुष बाँच्नै नसक्ने अर्थात् पुरुषहरू मस्तिष्कले नभएर हृदयले सञ्चालित, कमजोर एवम् भावुक भएको सन्दर्भ समेत प्रस्तुत गरिएको छ । एक्काइसौँ शताब्दीको वैज्ञानिक युगमा आइपुग्दा पनि पितृसत्ताको खोल ओडेर नारीमाथि शासन गरिरहेका पुरुष शासक र पुरुष बन्ने प्रतिष्पर्धामा पितृसत्तालाई नै अँगाल्न पछि नपरेका नारीप्रति नै प्रश्न उठाएर लैङ्गिक समताको वकालत गर्दै देखापरेका प्रसाईका उपन्यासले नारीअस्तित्वलाई मूल मुद्दा ठानेको छ । उनका उपन्यासले जस्तोसुकै समस्यामा पनि पछि नहट्ने सङ्घर्षशील र आफ्ना अधिकार, पहिचान एवम् अस्तित्वका लागि आफैँ निडर भएर आवाज उठाउन सक्ने नारीको प्रतिनिधित्वमार्फत नारीअस्तित्वको चेतनालाई सशक्त रूपमा नेपाली समाजमा प्रज्वलित गरेको छ । फ्रान्सेली नारीवादी बुभाले भने झैँ प्रसाईका उपन्यासले नारीलाई दोस्रो दर्जाका रूपमा हेर्ने र व्यवहार गर्ने परिपाटीको अन्त्यको माग गर्दै नारीको स्वतन्त्र अस्तित्वको वकालत गरेको हुनाले वर्तमान समयमा

नारीअधिकारका विषयमा चलेका अभियान र त्यससम्बन्धी सचेतना फैलाउने अभियानमा विशेष भूमिका निर्वाह गरेको छ ।

*(यो लेख विश्वविद्यालय अनुदान आयोगबाट लघुअनुसन्धान विकास र नवप्रवर्द्धन अनुदान कार्यक्रम ( २०७६/२०७७) अन्तर्गत इन्दिरा प्रसाईका उपन्यासमा नारीवादी चेतना शीर्षकको अनुसन्धानसँग सम्बद्ध रही सोही अनुसन्धानको मुख्य प्राप्तिको उपयोग गरी तयार गरिएको हो । उक्त अनुसन्धानकार्य गर्न अनुमति दिने विश्वविद्यालय अनुदान आयोगप्रति आभारी छु ।)*

## सन्दर्भ ग्रन्थसूची

अर्याल, अम्बिका (२०६९), *नारीवादी सिद्धान्त र औपन्यासिक विश्लेषण,* काठमाडौं : जीवन श्रेष्ठ ।

अर्याल, अम्बिका (२०७९), *नारीवाद र नारीस्रष्टाका उपन्यास,* काठमाडौँ : पैरवी बुक हाउस ।

जेटकिन, क्लारा (२०६५), *महिलाहरूको मुक्तिको बारेमा,* अनु. रमेश सुनुवार, चौथो.संस्क., काठमाडौँ : प्रगति पुस्तक सदन ।

टङ, रोसम्यारी (सन् १९८९), *फेमिनिस्ट थट,* यु.एस.ए : वेस्ट भ्यु प्रेस ।

त्रिपाठी, सुधा (२०६७), *नारीवादको कठघरामा नेपाली साहित्य,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६९), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रसाई, इन्दिरा (२०५४), *विश्वामित्र,* काठमाडौं : पिलग्रिम्स बुक हाउस ।

प्रसाई, इन्दिरा (२०५८), *रनमाया,* काठमाडौं : नइ प्रकाशन ।

प्रसाई, इन्दिरा (२०५९), *शिखा,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रसाई, इन्दिरा (२०६०), *उसको लोग्ने र बिरालो,* काठमाडौं : नइ प्रकाशन ।

बुभा, सिमोन द (१९४९), *द सेकेन्ड सेक्स* (महिला), अनु. रमेश सुनुवार. काठमाडौँ : प्रगति पुस्तक सदन ।

लुइँटेल, लीला (२०६८), *नेपाली महिला उपन्यासकार,* ललितपुर : साझा प्रकाशन ।